# तुलसीपुर उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

### प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयार गर्ने शिलबन्दी प्रस्ताव माग

**प्रथम पटक प्रकाशित मितिः २०७७०७२६ गते**

तुलसीपुर उपमहानगरपालिका दाङको मिति २०७७।०५।३२ र २०७७।०६।१८ गतेको कार्यपालिका वैठकको निर्णय कार्यान्वयनार्थ आ व ०७७।०७८ का लागि विभिन्न खोला/नदीहरुको नदीजन्य पदार्थ उत्खनन, संलकन तथा बिक्रि वितरण एवं सडक पूर्वाधार विकासका लागि तपसिल अनुसारका खोला, नदी एवं सडक पूर्वाधारको परामर्श सेवा मार्फत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गर्नु पर्ने भएको हुँदा शिलबन्दी आशय पत्र (Epression of Interest) मार्फत परामर्शदाता छनौटका लागि यो सूचना प्रकाशित गरिएको छ । इच्छुक संस्था, फर्म वा कम्पनीले आफुले कवोल गरेको अंकको ५% ले हुन आउने धरौटी वापतको रकम यस कार्यालयको मेघा बैंक नेपाल लि.स्थित हि.नं.०३८००१००७९१७८ खातामा जम्मा गरेको सक्कल बैंक भौचर सहित छुट्टाछुट्टै रित पूर्वक आशयपत्र पेश गर्न १५ (पन्ध्र) दिने सूचना आव्हान गरिएको छ ।

| क्र.सं. | खोला/नदी | आई ई ई गर्नु पर्ने क्षेत्रहरु |
|---|---|---|
| १ | ग्वारखोला | बालुवा घाट एरिया |
| २ | ग्वारखोला | जहदाघाट एरिया |
| ३ | पातुखोला | राईखलियानदेखी दक्षिण तर्फको एरिया |
| ४ | पातुखोला | राईखलियानदेखी उत्तर तर्फको एरिया |
| ५ | चिरेघाट खोला | चिरेघाट एरिया |
| ६ | संग्राम खोला | जमेरा, निमुवा, मंगरी क्षेत्र तर्फको एरिया |
| ७ | बबईनदी | पक्कि पुलको पूर्व शितलपुर क्षेत्र |
| ८ | बबईनदी | पक्कि पुलको पश्चिम शितलपुर क्षेत्र |
| ९ | बबईनदी | मोतिपुर घाट एरिया |
| १० | बबईनदी | सुकौरा मसान घाट एरिया |
| ११ | भमकेखोला | पक्कि पुलको दक्षिण वटोलपुर क्षेत्र |
| १२ | भमकेखोला | पक्कि पुलदेखी उत्तर अश्वारा खैरीपुर सडक सम्मको एरीया |
| **क्र.सं.** | **खोला/नदी** | **आई ई ई गर्नु पर्ने क्षेत्रहरु** |
| १३ | भमकेखोला | अश्वारा खैरीपुर सडक देखी भण्डारी टोल सडक एरीया |
| १४ | भमकेखोला | भण्डारी टोल सडक देखी कजवे एरिया |
| १५ | भमकेखोला | कजवेदेखी उत्तर ठाटीगाउं एरिया |
| १६ | पातुखोला | सुकौरा पक्कि पुलदेखी दक्षिण तर्फको एरिया |
| १७ | पातुखोला | सुकौरा घाट देखी उत्तर तर्फको एरिया (वनगाउं क्षेत्र) |
| १८ | पातुखोला | वटोलपुर एरिया |

| | | |
|---|---|---|
| १९ | पातुखोला | भमकेखोला र पातुखोला दोभान उत्तर एरिया |
| २० | रानीघाट खोला | हात्तिथुम्का एरिया |
| २१ | संग्राम खोला | कोठरी पुल देखी दक्षिण क्षेत्र |
| **क्र.सं.** | **बाटो/पहाड क्षेत्र** | **आई ई ई गर्नु पर्ने क्षेत्रहरु** |
| १ | वडा नं. १ बाटो निर्माण | मनकामना मन्दिर देखी मख्खन टाकुरीसम्म |
| २ | वडा नं. ३ बाटो निर्माण | सातबास हुदै बल्ले खोला सम्म |
| ३ | वडा नं. ३ बाटो निर्माण | सातबास देखी खमारी जाने बाटो |
| ४ | वडा नं. ३ बाटो निर्माण | भट्टे देखी कालामारे जाने बाटो |
| ५ | वडा नं.४ बाटो निर्माण | आंखा अस्पताल देखी बिरेन्द्र सा.ब.उ.स.सम्म |
| ६ | वडा नं.४ बाटो निर्माण | चारबाटो चौक हुदै बनहरीसम्म |
| ७ | वडा नं.४ बाटो निर्माण | हलबार हुदै खुम खानी जोडने सडक |
| ८ | वडा नं. ७ बाटो निर्माण | राप्ती शान्ती उद्यानबाट घुसरी बनरी जाने बाटो |
| ९ | वडा नं. ७ बाटो निर्माण | राप्ती शान्ती उद्यान नयां बस्ति बाट मटेरा जोड्ने बाटो |
| १० | वडा नं. १८ जलशाय निर्माण | दुधे गजेरी रानीबन क्षेत्र |
| **क्र.सं.** | **बटो/पहाड क्षेत्र** | **आई ई ई गर्नु पर्ने क्षेत्रहरु** |
| ११ | वडा नं. १८ बाटो निर्माण | हेमन्तपुर देखी संग्राम व्यारेक हुदै हातीखाल सम्म |
| १२ | वडा नं. १८ बाटो निर्माण | कलमघारी सामुदायिक भवन देखी आंखा अस्पताल सडक |
| १३ | वडा नं. १९ बाटो निर्माण | बिजौरी-हाडिमे-स्यालपानी-छिल्लीकोट-रोल्पा जोड्ने सडक |
| १४ | वडा नं. १९ बाटो निर्माण | हातीखाल देखी डौडारे हुदै संग्राम सडक |
| १५ | वडा नं. १९ बाटो निर्माण | बासगढि-तोपापानी स्वस्थ्यचौकि सम्म |
| १६ | वडा नं ३ बाटो निर्माण | भमके खोलाको ३ नं वडाको सिमाना देखि ठाँटी गाउँको चिउरीबुटा |
| १७ | वडा नं ३ बाटो निर्माण | भमके खोला सतिघाट देखि बोहोरा गाउँ जाने बाटो |
| १८ | वडा नं ३ बाटो निर्माण | चिसापानी हुँदै ठुलासम्मा हुँदै कालामारे सम्मको बाटो |

**शर्तहरु**

१. इच्छुक प्रस्तावदाताले आ. व. २०७७।०७८ को व्यवसाय नवीकरण प्रमाणपत्र, फर्म दर्ता प्रमाण पत्र, मूल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी प्रस्तावका साथ संलग्न राखी सूचना जारी भएको मितिले पन्ध्रौ दिनको कार्यालय समय भित्र रु १०००।- (फिर्ता नहुने गरी) राजस्व तिरी राजस्व प्रशासन शाखाबाट प्रस्ताव फारम खरिद गर्न सकिने छ ।

२.	प्रस्तावदाताले प्रस्ताव आव्हान भएको मितिले १६ औं दिनको १२ बजे भित्र शिलबन्दी प्रस्ताव पेश गर्नु पर्नेछ । प्रस्ताव पेश गर्ने अन्तिम दिन बिदा पर्न गएमा भोलिपल्टको कार्यदिनको १२ बजे भित्र पेश गर्न सकिनेछ । समयसिमा भन्दा ढिलो गरी पेश हुन आएका प्रस्तावहरु ग्राहय मानिने छैनन् ।

३.	शिलवन्दी प्रस्ताव पेश गर्ने अन्तिम दिनको अपरान्ह २:०० बजे प्रस्तावदाता वा निजको प्रतिनिधीको रोहवरमा प्राविधिक प्रस्ताव खोलिनेछ । निजको प्रतिनिधि सो समयमा उपस्थित नभए पनि कार्यालय प्रतिनिधिको रोहवरमा खोल्न सकिनेछ ।

४.	नदी तथा खोलाको प्रारम्भिक वातावरणीय परीक्षणका लागि रु. १०,००,०००।- (दश लाख) को छुट्टाछुट्टै प्राविधिक तथा आर्थिक प्रस्ताव र सडक पूर्वाधारको लागि रु. १०,००,०००।- (दश लाख) को छुट्टाछुट्टै प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्नु पर्नेछ । यहि बजेटको सिमा भित्र रही प्राविधिक प्रस्तावको मुल्याङ्कनमा सफल हुने प्रस्तावदाता मध्ये सबै भन्दा कम कबोल गर्ने प्रस्तावदाता छनौट गरिनेछ ।

५.	शिलबन्दी आशयपत्र पेश गर्दा प्राविधिक प्रस्ताव र आर्थिक प्रस्ताव अलग अलग राखी शिलबन्दी गरी प्रत्येक खामको बाहिर कुन प्रकारको प्रस्ताव हो स्पष्ट उल्लेख गरी पेश गर्नु पर्नेछ । प्रस्तावको वाहिरी भागमा फर्म, कार्यालयको नाम र प्रयोजन स्पष्ट रुपमा उल्लेख गरी पेश गर्नु पर्नेछ ।

६.	खोलिएका प्रस्ताव मध्ये परामर्श सेवाका लागि आधारभूत मापदण्ड पुरा गर्ने गरी पेश भएका प्रस्ताव मध्ये न्युनतम लागत विधिको प्रयोग गरी सबैभन्दा कम कबोल अंक प्रस्ताव गर्ने प्रस्तावदाता छनौट गरिनेछ ।

७.	स्वार्थ बाझिने भएमा प्रस्ताव उपर कारवाही नहुने र भ्रष्टाचार वा जालसाझि गरेमा कानुनमा व्यवस्था भए अनुसार कारवाही हुनेछ ।

८.	यस उप महानगरपालिकाले प्रस्ताव सम्बन्धी कारवाही गर्दा गरेको निर्णय नै अन्तिम हुनेछ । प्राप्त प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस उप-महानगरपालिकामा सुरक्षित रहनेछ ।

९.	प्रस्तावका साथ परामर्शदाताको अनुभव, मेथोडोलोजीको गुणस्तर, प्रस्तावित मुख्य जनशक्तिको योग्यता, ज्ञान र प्रविधि हस्तान्तरणको व्यवस्था र आर्थिक कारोबार सम्बन्धी विवरण पेश गर्नु पर्नेछ ।

१०.	प्रस्तावको कबोल रकम अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

११.	कार्यादेश लिएको मितिदेखि पैंतालिस दिन भित्र प्रतिवेदन यस उप महानगरपालिकामा पेश गर्नु पर्नेछ ।

१२.  आ इ इ सम्बन्धी प्रतिवेदन तयार गर्दा वातावरण संरक्षण ऐन, २०७६, बन ऐन, २०७६, राष्ट्रपति चुरे गुरुयोजना २०७४, खानी तथा खनिज पदार्थ ऐन, २०४२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र भु तथा जलाधार संरक्षण सम्बन्धी ऐन तथा नियमावलीका व्यवस्थाहरु पालना गरेको हुनु पर्नेछ।

१३.  अन्य विस्तृत जानकारीका लागि यस कार्यालयको राजश्व प्रशासन शाखामा सम्पर्क राख्न हुन समेत जानकारी गराईन्छ।

१४.  यो सूचनामा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानून वमोजिम हुनेछ।